जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.वि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक १०२ | २०७७ साल मंसिर १ गते सोमबार (16 Nov. 2020 Monday) | मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : तिहारको अन्तिम दिन भाइटीका ... ३ पृष्ठमा : कोरोनाका कारण भारतमा... ३ पृष्ठमा : इजिप्ट र सुडानद्वारा ...

## प्रदेश २ का चार जिल्ला तथा राजविराज थप एक पिसिआर मेशिन जडान हुँदै : मन्त्री साह




**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।**

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले प्रदेश २ को चार जिल्लामा पिसिआर मेशिन जडान हुने जानकारी दिएका छन् ।

आइतबार सप्तरीको राजविराजमा सामाजिक विकास इकाई कार्यालय राजविराजको शुभारम्भ गर्दै उनले सो जानकारी दिएका हुन् ।

उनले जलेश्वर, सिरहा, मलगंवा र कलैयामा पनि कोरोना परिक्षणका लागि पिसिआर मेशिन जडान गरिने उद्घोष गर्दै राजविराजमा थप एउटा पिसिआर मेशिनको व्यवस्था गरिन लागिएको जानकारी दिए ।

यस्तै मन्त्री साहले कोरोना उपचारमा केन्द्र सरकारले हात उठाएको दोषरोपन गर्दै जनताको जिवन रक्षाको मामिलामा प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता समेत जनाए ।

कोरोना संक्रमणका कारण जनता तडपिरहेका बेलामा केन्द्र सरकारले हात झिकेको तर्फ संकेत गर्दै उनले प्रदेश सरकारले क्षमताले भ्याएसम्म त्यस्ता समस्यामा परेका जनताको जिवन रक्षामा लागिरहेको प्रष्ट पारे ।

केन्द्र सरकारले कोरोनाको जोखिम उत्कर्षमा पुगिरहेका बेला उपचार गर्न नसक्ने भनी मैदान छाडेको टिप्पणीका साथ उनले थपे, तर हामी हिम्मत हारेका छैनौं, जनतालाई बचाउन अन्तिम समयसम्म मैदानमा डटिरहने छौं ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवको

*बाँकी अन्तिम पृष्ठमा*

## पसल र घरमा आगलागि हुँदा १५ लाखको क्षति, तीन पशुचौपाया जलेर मरे

**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।**

सप्तरीमा आगलागि हुँदा आधा दर्जन पसल र घर पूर्ण रुपले खरानी भएको छ । लक्ष्मी पुजाको मध्यरात कतै दियोले तथा कतै विद्युत सर्ट भई आगलागी हुँदा लाखौंको क्षति भएको छ ।

सो आगलागीमा १५ लाख मुल्य बराबरको क्षति भएको छ भने ३ वटा पशुचौपाया समेत जलेर मरेका छन् । शनिवार राती बिद्युत सर्टभई आगो सल्किएर सप्तरीको बिष्णुपुर गाउँपालिका ७ स्थित नहर चौकमा रहेको ४ वटा पसल जलेर नष्ट भएका छन् । आगलागीबाट ११ लाख बराबरको क्षति भएको प्रहरीको भनाई छ ।



बिद्युत सर्टभई स्थानीय सशिलाल साह र ननुलाल साहको साईकल पसल तथा हरिशचन्द्र साहको २ वटा मिठाई पसल पुर्ण रुपमा जलेर नष्ट भई करिब ११ लाख बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताए । आगोले मिठाई पसलमा रहेको ३ वटा ग्यास सिलिन्डर समेत पडकिदाँ फैलिएर अन्य पसल पनि छोटो समयमै जलेको स्थानीयबासीहरुले बताएका छन् ।

राजविराज नगरपालिकाको बारणयन्त्र, प्रहरी र स्थानीयको सहयोगमा १ घण्टामा आगो नियन्त्रणमा लिइएको थियो ।

यस्तै शनिवारै राती १ बजेतिर रुपनी गाउँपालिका २ स्थित

*बाँकी अन्तिम पृष्ठमा*




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# तिहारको अन्तिम दिन भाइटीका : मध्याह्न ११:३७ मा उत्तम साइत

काठमाडौँ, ३० कात्तिक (रासस) ।

प्रत्येक वर्ष कार्तिक शुक्ल द्वितीयाका दिन मनाइने नेपालीको दोस्रो ठूलो चाड तिहारको मुख्य दिन आज दाजुभाइले दिदीबहिनीबाट टीका ग्रहण गर्दैछन् । यमपञ्चकको पाँचौँ दिन आज भाइटीका पर्व दिदीबहिनीले आफ्ना दाजुभाइलाई श्रद्धा, आस्था र निष्ठाका साथ दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गर्दै परम्परानुसार पञ्चरङ्गी वा सप्तरङ्गी टीका लगाएर मनाइँदैछ ।

दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि दाजुभाइले पनि दिदीबहिनीलाई लगाउने गरिन्छ । दिदीबहिनीलाई पूजा गर्नाले अखण्ड सौभाग्य र ऐश्वर्य प्राप्त हुने शास्त्रीय मान्यता रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । "भाइटीकाको टीका आज दिनभर लगाउन कुनै बाधा नभए पनि साइत खोज्नेका लागि मध्याह्न ११:३७ बजेको अभिजित् मुहूर्तको समय उत्तम छ, भाइटीका लगाउन मध्याह्नको समय हुनुपर्ने भएकाले यो समय निकालिएको हो", उहाँले भन्नुभयो ।

भाइटीका लगाइदिने पूर्व र लगाइमाग्ने पश्चिम फर्कनुपर्ने समितिले जनाएको छ । यसो गरेमा उत्तरमा रहेको चन्द्रमा दाहिने पर्नेछ । शुभकर्ममा चन्द्रमालाई अघि वा दाहिने पार्नुपर्ने शास्त्रीय नियम छ । राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने समितिले जनाएको छ । लक्ष्मीपूजाका दिन स्थापना गरिएको दियो, कलश र गणेशको आज पूजा गरी मूल थालीमा लेखिएको अष्टदलमा मार्कण्डेय, अश्वत्थामा, बलि, व्यास, हनुमान, विभीषण, कृपाचार्य र परशुराम गरी अष्टचिरञ्जीवी, चित्रगुप्त, यमराज, यमुना र धर्मराज, गणपत्यादि वनस्पत्यन्त देवताको समेत पूजाराधना गरी दिदीबहिनीले दाजुभाइलाई तेलको धाराले छेकेर परम्परानुसार सप्तरङ्गी वा पञ्चरङ्गी टीका, मखमली, सयपत्री वा गोदावरीलगायत फूलका माला लगाइदिने गरिन्छ ।

तिहारमा सप्तरङ्गी टीका लगाउने भनी प्रचारप्रसार गरिए पनि शास्त्रीय मान्यता भने तिहारमा लगाउने टीकाको रङ रातो, सेतो, पहेँलो, हरियो र नीलो गरी पाँच वटा उल्लेख गरिएको समितिका अध्यक्ष गौतमले जानकारी दिनुभयो ।

टीका लगाइदिएपछि दिदीबहिनीले दाजुभाइलाई ओखर, कटुस, मरमसला एवं सेलरोटीलगायत खानेकुरा दिने र दाजुभाइले पनि दिदीबहिनीलाई गच्छेअनुसार सौभाग्यका प्रतीक कपडा र दक्षिणा दिई सम्मान प्रकट गर्ने धार्मिक एवं सामाजिक परम्परा छ ।

**बालगोपालेश्वर खुला**

दिदीबहिनी नहुनेका लागि आजैका दिन काठमाडौँको रानीपोखरीका बीचमा रहेको बालगोपालेश्वर मन्दिर खुलाइने प्रचलन छ । यसपटक पाँच वर्षअघिको भूकम्पले क्षतिग्रस्त मन्दिर पुनःनिर्माण सम्पन्न भएको छ । पुनःनिर्माणपछि पहिलोपटक मन्दिर खुला गर्न लागिएको हो । बालगोपालेश्वर मन्दिर वर्षमा एकपटक आजैका दिन मात्र खुल्छ । दिदीबहिनी नहुनेहरू भाइटीकाका दिन यसै मन्दिरमा गई पूजा, दर्शन गरी टीका लगाउने गर्छन् ।

यसैगरी जयबागेश्वरीमा रहेको खञ्जनेश्वर महादेव मन्दिरमा पनि आज दिदीबहिनी नहुने दाजुभाइले पूजा तथा दर्शन गरी टीका लगाउने प्रचलन रहेको संस्कृतिविद् डा गोविन्द टण्डनले राससलाई जानकारी दिनुभयो । "विसं २०३५ अघि रानीपोखरीभित्रको बालगोपालेश्वर मन्दिरमा प्रवेशका लागि पोखरीमा मानिस हामफाल्ने समस्या रहेकाले बन्द गरिन्थ्यो, त्यसबेला जयबागेश्वरीको खञ्जनेश्वर महादेव मन्दिरमा दिदीबहिनी नहुने दाजुभाइ र दाजुभाइ नहुने दिदीबहिनीको भीड लाग्थ्यो, अहिले पनि यहाँ भाइटीकाका दिन भक्तजनको भीड लाग्छ", उहाँले भन्नुभयो ।

विसं २०३५ पछि नियमित रूपमा रानीपोखरीभित्रको बालगोपालेश्वर मन्दिर खुल्न थालेको हो । तीन वर्षअघिको गोरखा भूकम्पले बालगोपालेश्वर मन्दिर क्षतिग्रस्त बनेपछि खञ्जनेश्वर मन्दिरमा पनि दिदीबहिनी एवम् दाजुभाइ नहुने भक्तजनको भीड लाग्न थालेको छ ।

यस वर्ष मङ्सिर २ गते बिहान पनि केही समय द्वितीया तिथि रहेकाले नेवार समुदायका केही समूहले भाइटीका लगाउँदै छ । मङ्गलबार पनि किजापूजाका लागि सरकारले सार्वजनिक बिदा दिएको छ ।

**गोबर्द्धन पूजा**

आँगनमा लिपपोत गरी गाईको गोबरको पर्वत बनाई त्यसलाई गोवर्द्धन पर्वत मानेर आजै पूजा गरियो । द्वापर युगमा श्रीकृष्णले हत्केलाले गोवर्द्धन पर्वत उचाली गोकुलवासीलाई मुसलधारे वर्षाबाट बचाएको सम्झनामा गोवर्द्धन पर्वतको पूजा गर्ने प्रचलन बसेको हो । यस वर्ष तिथिको घटबढका कारण भाइटीकाको दिन गोवर्द्धन पूजा परेको हो । कार्तिक शुक्ल प्रतिपदाका दिन यो पर्व मनाइन्छ । गोवर्द्धन पूजा प्रतिपदाका दिन सूर्योदय भएका दिन गर्नुपर्ने भएकाले आजै गर्ने निर्णय गरिएको समितिका सदस्य सचिव सूर्यप्रसाद ढुङ्गेलले बताउनुभयो ।

आज बिहान प्रतिपदा तिथि हुँदै गोवर्द्धन पूजा गर्न समितिले आह्वान गरेको थियो । त्यसपछि भाइटीकाको तयारी शुरु गरिएको छ । यस वर्ष कोरोना महामारी समेत फैलिएकाले स्वास्थ्य सुरक्षाको विधि अपनाएर भाइटीका लगाउन धर्मशास्त्रविद्ले आह्वान गरेका छन् ।

**नेपाल संवत् ११४१ मनाइँदै**

कार्तिक शुक्ल प्रतिपदाका दिन सूर्योदय भएका दिन मनाइने नेपाल संवत्अनुसारको नयाँ वर्ष आज मनाइँदैछ । नेसं ११४१ का अवसरमा आज देशभर विविध कार्यक्रम गरिँदैछ । यस वर्ष कोरोना महामारीका कारण भीडभाड हुने कार्यक्रम भने आयोजना नगरिने जनाइएको छ ।

राष्ट्रिय विभूति शंखधर साख्वाले विसं ९३७ (इ सं ८८०) मा गरीब जनताको ऋणमोचन गरी नेसंको शुरुआत गराउनुभएको थियो । नेसंले पृथ्वीनारायण शाहको शासनकालसम्म राष्ट्रिय संवत्को मान्यता पाएको लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति डा त्रिरत्न मानन्धरले जानकारी दिनुभयो । "लिच्छविकालका राजा राघवदेवको शासनकालदेखि शुरु भएको नेपाल संवत् पृथ्वीनारायण

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### छठ पर्वमा पुजा सामाग्रिको मूल्य आकाशियो

छठ पर्व नजिकिदै जाँदा पुजा सामाग्रिहरुको मुल्य आकाशिएको छ । श्रद्धालु भक्तजनहरुले पूजाको तयारी गरिरहँदा चाडपर्वको मौकामा व्यापारीहरुले मुनासिफ मुल्य भन्दा दोब्बर मुल्यमा पुजाका विभिन्न सामग्रीहरु विक्रि वितरण गर्दै आइरहेका छन् । सो अवस्थामा श्रद्धालु भक्तजनहरुले बाध्य भएर महँगो मुल्यमा पनि पुजाका विभिन्न सामग्रीहरु खरिद गर्न बाध्य भएका छन् ।

चाडपर्व नजिकिदै जाँदा वर्षेनी पुजाका विभिन्न सामग्रीहरुको खरिद विक्रिमा बृद्धि हुने गरेका छन । ठिक यस्तै अहिले छठ पर्वको लागि विभिन्न पुजाका सामग्रीहरु सप्तरी सदरमुकाम राजविराजका साथै जिल्लाको अन्य ग्रामिण भेगका बजारहरुमा समेत खरिद विक्रिमा बृद्धि भएसँगै पुजाका सामाग्रीहरुको मुल्य आकाशिएको छ ।

तसर्थ, चाडपर्वको बेलामा पुजाका विभिन्न सामग्री दोब्बर मुल्यमा भइरहेको विक्रि कार्यलाई रोक्नेतर्फ बजार अनुगमन समिति, स्थानीय प्रशासन तथा सम्बन्धित निकायको ध्यान जानुपर्ने आवश्यकता छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कोरोनाका कारण भारतमा थप आठ नेपालीको निधन

काठमाडौँ, ३० कात्तिक (रासस)।

कोरोना भाइरसको कारणले विदेशमा थप आठजना नेपालीको निधन भएको छ। गैरआवासीय नेपाली सङ्घका अनुसार, यो साता भारतको महाराष्ट्र र चेन्नाईमा कोरोना भाइरसका कारण आठजना नेपाली ज्यान गएको हो।

गैरआवासीय नेपाली सङ्घको स्वास्थ्य समितिका अनुसार विदेशमा शनिबार साँझसम्म कोरोनाका कारण निधन हुने नेपाली सङ्ख्या २९३ जना पुगेको छ। सङ्घका अनुसार विश्वभर ४४ देशमा अनुमानित ४५ हजार ४३९ जना नेपालीमा कोरोना सङ्क्रमण देखिएको छ। तीमध्ये अनुमानित ४१ हजार ४३९ जना कोरोना सङ्क्रमणमुक्त भएका छन्। विदेशमा कोरोनामुक्त हुने नेपालीको सङ्ख्या ९१ प्रतिशत रहेको छ।

गैरआवासीय नेपाली सङ्घको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार, युके, स्पेन, अष्ट्रिया, जर्मनी, भारत, युएई, कतार र साउदी अरबमा रहेका नेपालीमा थप कोरोना सङ्क्रमण देखिएको छ।

यो साता नेपालमा मात्र दुई लाख ६ हजार ३५३ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् भने तीमध्ये एक लाख ६८ हजार १२९ जना कोरोनामुक्त भएका छन्। नेपालमा कोरोना सङ्क्रमणबाट मुक्त हुनेहरूको सङ्ख्या ८१ दशमलव पाँच प्रतिशत रहेको छ। शनिबार साँझसम्म नेपालमा एक हजार २०२ जनाको कोरोना सङ्क्रमणका कारण ज्यान गएको छ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को स्वास्थ्य समितिले चाडपर्वका बेला हुने ससाना भेटघाटहरू कम गर्न आग्रह गरेको छ। समितिका संयोजक डा सापकोटाले सोसियल डिस्ट्यान्स कायम राख्दै चाडपर्व मनाउन सबैलाई आग्रह गर्नुभएको छ।

# सिरहामा आलु बीउको अभाव

लहान, ३० कात्तिक (रासस)।

कोरोना सङ्क्रमणका कारण मुलुक बाहिरबाट थोरै मात्रामा आलुको आयात भएपछि सिरहामा आलु बिउको अभाव भएको छ। आलुको बढी आयात हुने भारतको पश्चिम बङ्गालबाट यस वर्ष कोरोना सङ्क्रमण र बन्दाबन्दीका कारण थोरै मात्रामा आलु आयात भएपछि बिउको अभाव भएको व्यापारीहरूले बताएका छन्। आलुको अभाव भएसँगै बजारमा बिउको मूल्यसमेत अकासिँदा किसानहरू मारमा परेका छन्।

आलु खेती लगाउने समयमा आलु बिउमा व्यापारीहरूले अचानक मनपरी मूल्य वृद्धि गरेका कारण समस्यामा परेको किसानहरूले गुनासो गरेका छन्। गत वर्ष ५० किलो (एक बोरा) को एक हजार रुपैयाँ पर्ने आलु बिउको मूल्य यस वर्ष अहिले रु तीन हजार रुपैयाँमा बिक्री भइरहेको किसानहरूले बताएका छन्।

आलु रोप्नका लागि खेत तयार पारेर बिउका लागि लहान बजार आइपुग्नुभएका तरेगनाका किसान शत्रुघन चौधरीले अचानक बिउको मूल्य बढेकाले समस्यामा परेको गुनासो गर्नुभयो। "अघिल्लो वर्ष रु एक हजारमा एक बोरा बिउ खरिद गरेको थिएँ, यस वर्ष पनि त्यहीअनुसार मूल्य होला भन्ने सोचेर बिउ खरिद गर्न आएँ तर मूल्य बढेपछि बिउ खरिद नै नगरी रितो फर्किनु परेको छ।" अचानक बजारमा आलु बिउको मूल्य बढे पनि बजार अनुगमन नभएकाले व्यापारीहरूको मनपरी बढेको चौधरीको कथन छ।

"एकातिर आलुको मूल्य बढेको छ भने अर्कोतिर बोरामा पनि कम तौल रहने गरेको छ", सिरहाको सीतापुरका सुभाष साहले भन्नुभयो, "बोरामा ५० किलो रहेको बताए पनि घरमा लगेर जोख्दा कुनै बोरामा ४६, ४७ र ४८ किलो मात्र आलु पाइएको छ।" बोरामा आलु कम पाइए पनि त्यस्ता व्यापारीमाथि कुनै कारवाही नभएको उहाँको गुनासो छ।

सिरहाका बजारहरूमा अहिले बङ्गाली, सेतो र रातो आलुको बिउ बिक्री भइरहेको छ। यस वर्ष बङ्गाली आलु रु दुई हजार ९००, सेतो आलु रु तीन हजार १०० र रातो आलु बीउ रु तीन हजार १०० मा विक्री भइरहेको छ। बन्दाबन्दीका कारण भारतको पश्चिम बङ्गालबाट थोरै मात्रामा आलु आएको र त्यहाँबाट महँगो खरिद गरेर ल्याउनुपरेकाले महँगोमै बिक्री गर्नुपरेको व्यापारीहरूले बताएका छन्।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

# इजिप्ट र सुडानद्वारा संयुक्त सैन्य अभ्यास शुरु

कायरो, ३० कात्तिक (रासस/एपी)।

इजिप्ट र सुडानले संयुक्त सैन्य अभ्यास शुरु गरिएको इजिप्टको सेनाले शनिबार घोषणा गरेको छ। उक्त सैन्य अभ्यासले नाइल उपत्यकाका दुई छिमेकी मुलुकबीचको सुरक्षा सम्बन्ध अझ प्रगाढ र सुदृढ बन्दै गएको संकेत गरेको छ।

गत वर्ष सुडानी राष्ट्रपति ओमार अल-बसिरको सत्ता पतन भएयता पहिलो पटक दुबै मुलुकका कमान्डो सैनिक र लडाकू बिमान सहित संयुक्त सैन्य अभ्यास भइरहेको हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सुडानमाथि लाग्दै आएको आतंकवाद-प्रश्रय मुलुकको सूचीबाट हटाएको एक महिनापछि नै इजिप्ट र सुडानबीच संयुक्त सैन्य अभ्यास भएको हो। अमेरिकी यस कदमपछि सुडानलाई अन्तर्राष्ट्रिय जगतसँग पुनः सम्बन्ध गाँस्न सहज भएको थियो।

अमेरिकी कदमसँगै सुडानले इजरायलसँग पनि सम्बन्ध गाँसेको थियो। इजिप्टको सेनाले एक वक्तव्य प्रकाशन गरी "नाइलको इगल-१" नाम दिइएको यस संयुक्त सैन्य अभ्यास सुडानमा भइरहेको र यो आगामी नोभेम्बर २६ सम्म जारी रहने बताएको छ।

सैन्य अभ्यासका क्रममा सैन्य कारबाहीसँग सम्बन्धित योजना निर्माण र कारबाहीसँग जोडिएको क्रियाकलापका साथै खोज तथा उद्धार अभियानमा कमान्डो समूहको परिचालन समेटिएको सैन्य वक्तव्यमा उल्लेख छ।

इजिप्टका राष्ट्रपति अब्देल फतेह अल-सिसीको सरकारले दक्षिणी छिमेकी मुलुकसँग सम्बन्ध सुदृढ गर्न पछिल्लो समय विशेष महत्व दिनु भएको छ।

# विश्वमा कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या १३ लाखभन्दा बढी

म्यारिल्याण्ड, संयुक्तराज्य अमेरिका, ३० कात्तिक (रासस/एएनआई)।

विश्वभर कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको संख्या १३ लाख नाघेको बताइएको छ।

जोन हप्किन्स विश्वविद्यालयले शनिबार दिएको तथ्यांकअनुसार यस भाइरसबाट मृत्युहुने विश्वका नागरिकको संख्या १३ लाख नौ हजार ७१३ पुगेको छ।

साथै यस सङ्क्रमणबाट हालसम्म सङ्क्रमित हुनेको संख्या पनि हालसम्म पाँच करोड ३० लाख पुगेको सो विश्वविद्यालयको तथ्यांकमा जनाइएको छ।

यो भाइरसबाट सबैभन्दा बढी सङ्क्रमित हुने व्यक्ति अमेरिकामा छन्। अमेरिकामा मात्र एक करोड १२ लाख सङ्क्रमित भएका सो समाचारमा जनाइएको छ।

उक्त तथ्यांकमा अमेरिकामा मात्र दुई लाख ५१ हजार जना व्यक्तिको मृत्यु भएको छ। अमेरिकापछि सबैभन्दा धेरै व्यक्ति सङ्क्रमित भएको देश भारत हो।

भारतमा मात्र ८८ लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन्। भारतमा यस सङ्क्रमणबाट एक लाख २९ हजारको मृत्यु भएको छ।

ब्राजिलमा भारतपछि धेरै सङ्क्रमित पुगेका छन्। यहाँ करिब ५८ लाख सङ्क्रमित भएका छन् भने यसमध्ये एक लाख ६५ हजारको मृत्यु भएको छ।

उता यूरोपेली मुलुकमा फ्रान्स, रुस, स्पेन, बेलायतमा सङ्क्रमित संख्या पछिल्लो समयमा बढेको जनाइएको छ। यसैले ती देशमा पछिल्ला समयमा कडा प्रतिबन्धहरु लगाइएको छ।

# गाजाबाट इजरायलतर्फ दुई ओटा रकेट प्रहार

तेल अविव, इजरायल, ३० कात्तिक (रासस/एनआई)।

गाजा स्ट्रिपबाट इजरायलतर्फ कम्तीमा पनि दुई ओटा रकेट प्रहार गरिएको समाचार छ।

इजरायलको डिफेन्स फोर्स्ले जनाएअनुसार आइतबार मात्र पनि गाजा तर्फबाट इजरायलमा दुई ओटा रकेट प्रहार गरिएको छ।

इजरायलको डिफेन्स फोर्स्कातर्फबाट आइतबार बिहान गरिएको ट्वीटमा गाजा तर्फबाट इजरायलमा आइतबार बिहान सबेरै दुई ओटा रकेट प्रहार गरिएको छ भनिएको छ।

इजरायलको दक्षिणी शहर आसदोद र दक्षिणतर्फ कै अर्को शहर सेफला क्षेत्रमा ती दुई ओटा रकेट हानिएको उक्त डिफेन्स फोर्सले आइतबार बिहान ट्वीट गरेर जानकारी दिएको हो।

सो हमलाको बारेमा विस्तृतमा कुनै पनि जानकारी दिइएको छैन। इजरायलको सो डिफेन्स फोर्स्ले आइतबार बिहान सबेरै सो हवाई आक्रमण भएको तर यसबाट भएको क्षतिको बारेमा भने अहिले नै केही प्राप्त नभएको जनाएको छ।

सुरक्षा निकायले यस विषयमा अनुसन्धान गरिरहेको जानकारी पनि उक्त ट्वीटमा दिइएको प्राप्त समाचारमा जनाइएको छ।

# ५८ बोतल एसिडसहित एक व्यापारी पक्राउ

धनुषा, ३० कात्तिक (रासस)।

जनकपुरधाममा एसिड बिक्रीवितरण गरेको आरोपमा एक व्यापारीलाई पक्राउ गरिएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार जनकपुरधामबाट ५८ बोतल एसिडसहित एक व्यापारीलाई प्रहरीले पक्राउ गरेको हो।

शनिबार जनकपुरमा भएको एसिड प्रहार घटनामा प्रहरीले अनुसन्धान गर्ने क्रममा ५८ बोतल एसिडसहित स्थानीय व्यापारी नागेन्द्र साहलाई पक्राउ गरेको छ। शनिवार श्रीमती र छोरीमाथि एसिड प्रहार गर्ने जनकपुरधाम वडा नं २० देवपुरा घर भएका २४ वर्षीय सञ्जीव साहलाई घटना लगत्तै प्रहरीले पक्राउ गरेर अनुसन्धान गर्दै जाँदा एसिडका बिक्रेतालाई पनि पक्राउ गरेको प्रहरीले जनाएको छ।

पहिले पनि करेन्ट लगाउनुका साथै मट्टीतेल खन्याएर आगो लगाउनेसम्मको यातना जनकपुरधाम उपमहानगरपालिका वडा नं ७ जानकीनगर माइती भएकी आरती साहको चार वर्षअघि जनकपुरधाम उपमहानगरपालिका-२० रूपैठाका सञ्जीव साहसँग सामाजिक परम्पराअनुसार विवाह भएको थियो।

विवाह भएको केही समय पश्चात नै सञ्जीव रक्सी खाएर घर आउने र आफूलाई कुटपिट गर्ने गरेको आरतीले बताउनुभयो। यसरी बारम्बार यातना दिँदा पनि घरमै सहेर बसेको तर, सञ्जीवका पिताले समेत आफूमाथि गलत नजर राख्न थालेपछि घर छाड्न बाध्य भएको उहाँले बताउनुभयो।

# एक सय १६ पक्की घर बनाउन शुरु

लहान, ३० कात्तिक (रासस)।

वर्षौंदेखि फुसको छाप्रोमा जीवन बिताउँदै आएका सिरहाको कल्याणपुर र कर्जन्हा नगरपालिका तथा बिष्णुपुर गाउँपालिकाका डुम समुदायका लागि ११६ पक्की घर निर्माण शुरुआत भएको छ। सरकारले सञ्चालन गरेको जनता आवास कार्यक्रम अन्तर्गत कल्याणपुरमा ५८, कर्जन्हामा ३७ र बिष्णुपुरमा ती समुदायका लागि पक्की घर बनाउन लागिएको हो।

यसैबर्ष भित्र घर निर्माण सम्पन्न भई हस्तान्तरण गरिने योजना रहेको शहरी विकास तथा भवन निर्माण कार्यालय राजविराजले जनाएको छ। तराई मधेशमा विपन्न जीवन बिताइरहेको, सामाजिक विभेद छुवाछुत तथा चरम आर्थिक सङ्कट खेपिरहेका छन्। पक्की घर निर्माण भएपछि उनीहरूको जीवनमा अर्थपूर्ण परिवर्तन आउने प्रदेशसभा सदस्य दिलीपकुमार साहले जानकारी दिनुभयो।

वर्षौंदेखि ऐलानी जग्गामा सुकुम्बासीको रूपमा बस्दै आएका ती समुदाय पक्की घर पाउने भएपछि औधि खुशी भएका छन्। सिरहामा करिब ४ हजार घरधुरी रहेको डुम समुदाय बाँसको नाङ्लो, हाते पंखा, ढकिया, कोनिया लगायतका सामग्री बनाएर जिबिकोपार्जन गर्दै आएका छन्। यसबर्ष जनता आवास कार्यक्रम अन्तर्गत ४१० दलित, विपन्न, अल्पसङ्ख्यक समुदायको पक्की घर निर्माण हुने जनाइएको छ।

## *प्रदेश २ का ...*

अध्यक्षतामा आयोजित कार्यालय उद्घाटन समारोहलाई संघीय सांसद ताराकान्त चौधरी, प्रदेश सभासदस्य मनिष सुमन, नेत्रविक्रम साह, गिता यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु यादव, कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, जसपाका केन्द्रिय सदस्य अमरनाथ मण्डलले पनि सम्बोधन गर्दै सिरहा र सप्तरीका जनतालाई लक्षित गरि स्थापना गरिएको कार्यालयले यस क्षेत्रका जनतामा स्वास्थ्य सेवा सरल र सहज ढंगले प्रवाह हुने विश्वास व्यक्त गरेका थिए।

## *पसल र घरमा ...*

पिपराही टोलमा आगलागी हुदाँ २ घर जलेर नष्ट हुनुको साथै ३ वटा पशुचौपाया जलेर मरेका छन्। घरमा बालिएको दियोबाट सल्केको आगोले राजदेव मंडल र इन्द्रदेव मंडलको घरगोठ जलेका छन्।

आगलागीबाट मंडलको गोठमा रहेको २ वटा गाई र एउटा बाखा समेत जलेर मरेका छन्। उक्त आगलागी घटनामा झण्डै ४ लाख बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ।

एक घण्टाको अन्तरालमा २ ठाउँमा आगलागीको खबर प्राप्त भएपछि राजविराज नगरपालिकाको बारुणयन्त्रलाई भ्याइ नभ्याइ भएको थियो। बिष्णुपुर गाउँपालिकाको आगलागी नियन्त्रण गरे लगतै रुपनी गाउँपालिकामा पनि आगलागी भएको फोन आएपछि निकै समस्यामा परेको चालक उमेश यादवले सुनाए।

## *तिहारको अन्तिम ...*

शाहको शासनकालसम्म मौलिक संवत्का रूपमा चलेको थियो, लिच्छविकालअघि शक संवत् प्रचलनमा थियो, नेपाल देशको नामबाट राखिएकाले यो मौलिक संवत् हो", उहाँले भन्नुभयो।

विसं २००७ मा प्रजातन्त्र स्थापनादेखि नै नेसंलाई राष्ट्रिय मान्यताका लागि अभियान चलाइएको छ। गरीब जनताको ऋणमोचन गराई सामाजिक सेवाको उत्कृष्ट नमूना प्रस्तुत गरेको र नेपालमा मौलिक संवत्समेत चलाएको कार्यको उच्च मूल्याङ्कन गर्दै २०५६ सालको नयाँ वर्षका दिन तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सरकारले साख्वालाई राष्ट्रिय विभूति घोषणा गर्नुभएको थियो।

विसं २०६५ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेसंले राष्ट्रिय मान्यता पाउने घोषणा गर्नुभएको थियो। कार्तिक कृष्ण औंसीका दिन बहीखाता बन्द गरी नयाँ वर्ष अर्थात् कार्तिक शुक्ल प्रतिपदाका दिन नयाँ बही खाताको शुरुआत गर्ने परम्परासमेत काठमाडौंमा अझै छ।

**गरियो म्हपूजा**

साँझ शुक्ल प्रतिपदा परेका दिन नेवार समुदायमा म्हः (आत्म) पूजा समेत गर्ने परम्परा रहेको बगलामुखी पात्रोका पञ्चाङ्गकार शशिधर जोशीले जानकारी दिनुभयो। यस वर्ष आइतबार साँझमै शुक्ल प्रतिपदा परेकाले यसै दिन पूजा गर्नुपर्ने निर्णय गरिएको उहाँले सुनाउनुभयो। साँझ कार्तिक शुक्ल प्रतिपदा परेका दिन आइतबार नै नेवार समुदायका मानिसले आफ्नो म्हःपूजा पर्व मनाएका छन्।

यस वर्ष आइतबार र सोमबार दुई दिन प्रतिपदा तिथि परेका छन्। एकथरि नेवार समुदायले आइतबार म्हःपूजा गरेका छन्। अर्काथरिले भने आज सोमबार गर्दैछन्। सोमबार नयाँ वर्ष मनाएर आत्मपूजा गर्नेले मंगलबार भाइटीका गर्ने जानकारी गराएका छन्। यस अवसरमा मङ्सिर २ गते मङ्गलबार पनि सरकारले सार्वजनिक बिदा दिएको छ।

मानिसको आत्मा नै सबैभन्दा ठूलो र महत्वपूर्ण भएकाले आत्मपूजा गर्ने परम्परा शास्त्रीय भएको धर्मशास्त्रविद् प्रा डा गौतमले राससलाई जानकारी दिनुभयो। आत्मसन्तुष्ट बनाई खुशी राख्न सके देवीदेवता पनि प्रसन्न भई आशीर्वाद दिने र जीवन लिएको सार्थक हुने धार्मिक विश्वास छ।

**पत्रकार आचारसंहिता र बालमैत्री सञ्चार निर्देशिकाको पालना गरौं।**

**महिला, बालबालिकाका समाचारमा प्रकाशन र प्रसारणगर्दा सावधानी अपनाऔं।।**

*लैङ्गिक हिंसा सम्बन्धी यौनजन्य दुर्व्यवहार, बलात्कार, जबरजस्ती करणीको प्रयास जस्ता आपराधिक घटनाहरू सामाजिक सञ्जाल, सञ्चार माध्यमहरूबाट सार्वजनिक गर्दा गोपनीयता, गाम्भिर्यता र संवेदनशीलताको ख्याल गरी महिला तथा किशोरीहरूको सम्मानित जीवन बाँच्न पाउने अधिकार हनन् हुने किसिमबाट सामग्रीको सम्प्रेषण तथा प्रचार प्रसार नगरौं।*

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# थप १४ सय ७७ जना कोरोना पोजेटिभ

काठमाडौँ, ३० कात्तिक (रासस)।

पछिल्लो २४ घण्टामा ६ हजार ४७६ जनामा पिसिआर परीक्षण गर्दा थप एकहजार ४७७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणमुक्त हुनेको संख्या २७९८ रहेको छ भने हालसम्म संक्रमणमुक्त हुनेको कुल संख्या १ लाख ७३ हजार ४३० पुगेको छ। पछिल्लो २४ घण्टामा काठमाडौं जिल्लामा ६३२, रूपन्देहीमा ९१, ललितपुरमा १३३, दाङमा ६४, नुवाकोटमा ४४, भक्तपुरमा ४२, चितवनमा ३६, कैलालीमा ३३, कास्कीमा ३९ र मोरङमा ३१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

त्यस्तै सुनसरीका २६, बाँकेमा २८, झापा, गुल्मी र पाल्पामा २२/२२, कपिलवस्तुमा १७, नवलपरासीमा १६, सोलुखुम्बुमा १३, प्युठानमा १०, धादिङमा ९, ताप्लेजुङ र नवलपरासी पूर्वमा ८/८, तेह्रथुममा ७ र धनकुटा, तनहुँ, बर्दिया, दैलेख, कञ्चनपुर, बझाङ र बैतडीमा ६ जनामा संक्रमण पुष्टि भएको छ।

खोटाङ, गोरखा, सप्तरी, काभ्रे, सिन्धुली र अर्घाखाँचीमा ४/४, सिराहा, इलाम, दोलखा र मकवानपुरमा ५/५, बारा, रसुवा, स्याङ्जा र अछाममा ३।३ जना, भोजपुर, संखुवासभा, रौतहट, सर्लाही, लमजुङ, बागलुङ, रोल्पा, रुकुम पश्चिम, सुर्खेत र डडेल्धुरामा २/२ र उदयपुर र ओखलढुंगा, धनुषा महोत्तरी, सल्यान र हुम्लामा १/१ जनामा संक्रमण भएको मन्त्रालयले जानकारी दिएको छ। हालसम्म नेपालमा कोरोना संक्रमितको कुल संख्या २ लाख ९ हजार ७७६ पुगेको छ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*